# ५
# पवित्र आत्मा को हुनुहुन्छ ?

प्रश्न “पवित्र आत्मा के हुनुहुन्छ ?” भन्ने होइन । त्यसको साटो, प्रश्न “पवित्र आत्मा को हुनुहुन्छ ?” भन्ने हो । यो प्रश्न गरिएको छ किनभने पवित्र आत्माको अस्तित्व छ, उहाँको एक व्यक्तिगत् व्यक्तित्व छ, उहाँ ईश्वरत्वको तेश्रो अंग हुनुहुन्छ । उहाँ एक बल अथवा शक्तिभन्दा बढ्ता हुनुहुन्छ, उहाँ एक जीवित स्वर्गीयजन हुनुहुन्छ ।

## उहाँ एक व्यक्ति जस्तै हुनुहुन्छ

बाइबलमा प्राप्त सबै सूचनाहरुले पवित्र आत्मा एक ईश्वरीय जन हुनुहुन्छ भन्ने तथ्यलाई प्रकट गरेको छ । उहाँमा पिता र पुत्रमा भए जस्तै व्यक्तिगत विशेषताहरु छन् ।

### उहाँमा एक व्यक्तिका गुणहरु छन्

पवित्र आत्माका गुणहरुले उहाँ एक शक्ति मात्र हुनुको साटो एक जीवित जन, एक व्यक्ति हुनुहुन्छ भन्ने संकेत गर्दछ :

१. उहाँ इन्साफ गर्नुहुन्छ : “किनभने पवित्र आत्मालाई यो उचित लाग्यो” (प्रेरित १५:२८ क) ।
२. उहाँसँग मन छ : “र मानिसहरुका हृदय खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ” (रोमी ८:२७ क) ।
३. उहाँ इच्छा गर्नुहुन्छ : “तर यी सबै उनै एक पवित्र आत्माका कामहरु हुन् । उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ” (१ कोरिन्थी १२:११) ।
४. उहाँसँग ज्ञान छ : “त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन” (१ कोरिन्थी २:११ ख) ।
५. उहाँसँग मनोभाव छ (प्रेम, दुःख, आनन्द) : “भाई हो, हाम प्रभु येशू ख्रीष्ट र पवित्र आत्माको प्रेमद्वारा मेरो निम्ति परमेश्वरसँग प्रार्थना गर्न मसँग घोर प्रयत्न गर भनी म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु” (रोमी १५:३०); “अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उध्दारका दिनको निम्ति तिमीहरु छाप लगाइएका छौ (एफिसी ४:३०), तिमीहरु हाम्रा र प्रभुका अनुकरण गर्ने भयौ, किनकि पवित्र आत्माले दिनुभएको आनन्दसाथ तिमीहरुले धेरै कष्टमा वचन ग्रहण गऱ्यौ” (१ थेसलोनिकी १:६) ।

पवित्र आत्मामा यी गुणहरु छन् भन्ने तथ्यले उहाँ एक व्यक्तित्व हुनुहुन्छ भन्ने कुरा प्रकट गर्दछ ।

### उहाँले एक व्यक्तिको कृयाकलापहरु गर्नुहुन्छ

पवित्र आत्माले एक शक्तिको रुपमा मात्र होइन एक व्यक्तिको रुपमा काम गर्नुहुन्छ । उहाँले निम्नानुसारका काम गर्न सक्नुहुन्छ :

१. उहाँले शिक्षा दिन र स्मरण गराउन सक्नुहुन्छ : “तर सल्लाहकार अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरुलाई सबै कुरा सिकाउनुहुनेछ र मैले तिमीहरुलाई भनेका सबै कुरा तिमीहरुलाई याद दिलाउनु हुनेछ” (यूहन्ना १४:२६) ।
२. उहाँले गवाही दिनुहुन्छ : “जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरुसहाँ पठाउनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनु हुनेछ” (यूहन्ना १५:२६) ।
३. उहाँले सत्यतामा डोऱ्याउनु हुन्छ : “जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरुलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ (यूहन्ना १६:१३ क) ।”

४.	उहाँ बोल्नुहुन्छ : "उहाँ आफ्नै तर्फबाट बोल्नुहुने छैन" (यूहन्ना १६:१३ ख, साथै प्रेरित ८:२९, ११:१२, १ तिमोथी ४:१ पनि हेर्नुहोस्) ।
५.	उहाँले सुन्नुहुन्छ : "उहाँ जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ" (यूहन्ना १६:१३ ग)
६.	उहाँले घोषणा गर्नुहुन्छ : "र हुन आउने कुराहरु तिमीहरुलाई घोषणा गरिदिनुहुनेछ" यूहन्ना ( १६:१३ घ) ।
७.	उहाँले मनाई गर्नुहुन्छ : "पवित्र आत्माबाट एशियामा वचन प्रचार गर्न मनाई भएकोले तिनीहरु फ्रिगिया र गलातियाका इलाकाहरु भएर गए" (प्रेरित १६:६) ।
८.	उहाँले जीवन दिनुहुन्छ : "ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरुमा बास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरुका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ" (रोमी ८:११ ख) ।
९.	उहाँले प्रकट गर्नुहुन्छ : "परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ" (१ कोरिन्थी २:१० क, साथै एफिसी ३:३-५ हेर्नुहोस्) ।
१०.	उहाँले खोज्नुहुन्छ : "किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरु पनि खोजी गर्नुहुन्छ" (१ कोरिन्थी २:१० ख) ।
११.	उहाँले प्रतिज्ञा गर्नुहुन्छ : "ताकि अब्राहमलाई दिइएको आशिष् ख्रीष्ट येशूद्वारा अन्य जातिहरुमा आओस् र हामी विश्वासद्वारा प्रतिज्ञाका पवित्र आत्मा प्राप्त गर्न सकौं" (गलाती ३:१४, हेर्नुहोस् प्रेरित २:३३) ।
१२.	उहाँले संगतिमा रहनुहुन्छ : "प्रभु येशूको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको संगति तिमीहरु सबैसँग रहन्" (२ कोरिन्थी १३:१४, साथै फिलिप्पी २:१ पनि हेर्नुहोस्) ।
१३.	उहाँले मध्यस्थता गर्नुहुन्छ : "... तर शब्दहरुमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ । ... किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरुका निम्ति मध्यस्थता गर्नुहुन्छ" (रोमी ८:२६, २७) ।
१४.	उहाँ सूचित गर्नु र भविष्यवाणी गर्नुहुन्छ : "... ख्रीष्टका आत्माले ख्रीष्टका कष्टहरु र त्यसपछि आउने महिमाको भविष्यवाणी गर्नुहुँदा" (१ पत्रुस १:११) ।
१५.	उहाँले बोलाउनुहुन्छ : "पवित्र आत्मा र दुलही भन्नुहुन्छ 'आउनुहोस्'" (प्रकाश २२:१७ क) ।
१६.	उहाँले डोऱ्याउनुहुन्छ : "येशू पवित्र आत्माले परिपूर्ण भएर यर्दनबाट फर्कनुभयो र आत्माले उहाँलाई उजाड-स्थानमा लैजानुभयो" (लूका ४:१), "किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान हुन्" (रोमी ८:१४) ।

एकजना व्यक्ति यी सबै क्रियाकलापमा सहभागी हुन सक्दछन्, यद्यपि एक शक्ति मात्रले भने सक्दैनन् । यसैले पवित्र आत्मालाई एक व्यक्तिको रुपमा हेरिनु पर्दछ ।

**उहाँलाई दुर्व्यवहार हुन सक्छ**

पवित्र आत्मालाई उपेक्षा गरिन र चोट पुऱ्याईन सकिन्छ भन्ने कुरा वर्णन गर्न प्रयोग भएका शब्दहरु यस्ता शब्दहरु हुन् जुन अक्सर गरेर कुनै निर्जिव शक्ति अथवा बललाई गरिएको गलत व्यवहारको साटो कुनै एक व्यक्तिलाई गरिएको दुर्व्यवहारसँग सम्बन्ध राख्दछन् । उहाँलाई यसप्रकारले दुर्व्यवहार हुन सक्छ :

१.	उहाँको निन्दा हुनसक्छ : "...तर पवित्र आत्माको विरुध्दमा गरिएको निन्दा क्षमा हुनेछैन । ... कसैले पवित्र आत्माको विरुध्दमा बोल्यो भने त्यसलाई यस युगमा र आउने युगमा पनि क्षमा हुनेछैन" (मत्ती १२:३१, ३२) ।
२.	उहाँलाई झूटो बोल्न सकिन्छ : "तर पत्रुसले भने, 'ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने ... कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो ?" (प्रेरित ५:३) ।
३.	उहाँको विरोध हुनसक्छ : "हे हठी मानिसहरु हो, कठोर हृदय र बहिरा कान भएका हो, तपाईहरु सधैं पवित्र आत्माको विरोध गर्नुहुन्छ" (प्रेरित ७:५१ क) ।

४. उहाँ दुःखी हुन सक्नुहुन्छ : “परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उध्दारका दिनको निम्ति तिमीहरु छाप लगाइएका छौ” (एफिसी ४:३०) ।

५. उहाँको अपमान अथवा तिरस्कार हुनसक्छ : “... र अनुग्रहका आत्मालाई अपमान गर्ने ...” ( हिब्रू १०:२९) ।

६. उहाँ निभाइन सक्नुहुन्छ : “पवित्र आत्मालाई ननिभाओ” (१ थेसलोनिकी ५:१९) ।

पवित्र आत्मामाथि कसरी दुर्व्यवहार हुनसक्दछ भनेर भनिएका यी भनाइहरुले उहाँ एक व्यक्ति हुनुहुन्छ भन्ने संकेत गर्दछ । शक्ति अथवा बललाई गरिएको दुर्व्यवहारलाई कवितात्मक अथवा आलंकारिक प्रसंगहरुको अपवादमा बाहेक माथिको जस्तो तरिकाले अक्सर गरेर वर्णन गरिएको छैन, । यी पदहरुको प्रसंगहरुले आलंकारिक भाषाको संकेत पनि गरेको छैनन् ।

**उहाँको छुट्टै अस्तित्व छ**

पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ भन्ने अर्को संकेत के हो भने उहाँलाई पिता र पुत्रको साथमा उहाँहरुको जस्तै गुण र स्वभाव हुनुभएको भन्ने मात्र होइन तर उहाँको पनि आफ्नै विशिष्ट र फरक अस्तित्व छ भन्ने रुपमा उल्लेख गरिएको छ ।

जब येशूले बप्तिष्मा लिनुभएको थियो उहाँमाथि उहाँ ओर्लनुभएको थियो भनी उल्लेख गरिएको छ (यूहन्ना १:३३), जब पुत्र बप्तिष्माको पानीबाट बाहिर आउनुभयो, आत्मा उहाँमा ओर्लनुभएको थियो र पिता स्वर्गबाट बोल्नुभएको थियो (मत्ती ३:१६, १७, लूका ३:२१, २२) । पिता स्वर्गमा हुनुहुन्थ्यो, पुत्र पृथ्वीमा हुनुहुन्थ्यो र आत्मा येशूसँग बास गर्न आउनुभएको थियो ।

कुनै व्यक्तिले येशूको विरुध्दमा खराब कुराहरु बोल्न सक्छ र त्यो क्षमा पनि हुनेछ - तर यदि उसले पवित्र आत्माको विरुध्द बोल्छ भने, उसले क्षमा पाउने छैन (मत्ती १२:३२) । यदि उहाँहरु एउटै व्यक्ति हुनुहुन्छ भने कसैले येशुको विरुध्दमा बोल्छ भने कसरी त्यो पवित्र आत्माको विरुध्द बोलेको हुँदैन ? यो शिक्षा दिइरहँदा, येशूले उहाँहरुको फरकपना निश्चय नै बुझ्नुभएको थियो ।

लूका ४:१ ले येशू पवित्र आत्माले भरिपूर्ण हुनुभएको थियो भन्दछ, जसरी अरुहरुलाई पनि पवित्र आत्माले भरिपूर्ण भएका थिए भनिएको छ (प्रेरित ६:३, ५; ७:५५; ११:२४) । निश्चय नै, प्रेरितका यी प्रसंगहरुमा जुन मानिसहरु पवित्र आत्माले भरिपूर्ण भएका थिए व्यक्तिगत रुपमा पवित्र आत्मा जस्तै भएका थिएनन् भन्नेमा सबैजना सहमत हुनेछन् । येशू र पवित्र आत्माको स्पष्ट देखिने पृथक अस्तित्वलाई पनि स्वीकार गर्नै पर्दछ ।

यूहन्नाले लेखेका छन् पवित्र आत्मा त्यसबेलासम्म दिइएको थिएन (यूहन्ना ७:३९), किनभने येशूको महिमा अझसम्म भएको थिएन । यो त्यसबेला भनिएको थियो जतिबेला येशू पहिलेबाटै पृथ्वीमा प्रेरितहरुसँग हुनुहुन्थ्यो । यदि पवित्र आत्मा त्यसबेलासम्म दिइएको थिएन भने पवित्र आत्मा येशू बाहेक कुनै अरु नै हुनु पर्दछ ।

यूहन्ना १४:२७ मा येशूले भन्नुभएको थियो कि उहाँले प्रेरितहरुलाई “अर्को सल्लाहकार” पठाउनु हुनेछ, जो (यूहन्ना १४:१६ अनुसार) पवित्र आत्मा हुनुहुन्थ्यो । यदि उहाँ नै त्यो सल्लाहकार हुनुहुन्थ्यो भने येशूले कसरी “अर्को” सल्लाहकार पठाउन सक्नु हुन्थ्यो ? त्यसैगरी, यदि उहाँ र येशू एउटै हुनुहुन्छ भने कसरी पवित्र आत्मा “अर्को” सल्लाहकार हुन सक्नुहुन्छ ?

येशूले भन्नुभएको थियो उहाँ नगएसम्म उहाँले आत्मालाई पठाउनु हुने छैन (यूहन्ना १६:७) । उहाँले आत्माले आफ्नो तर्फबाट बोल्नुहुने छैन, तर उहाँले जे सुन्नुहुन्छ त्यही बोल्ने हुनेछ पनि

भन्नुभएको थियो (यूहन्ना १६:१३) । नयाँ नियममा येशू र पवित्र आत्माको बारेमा दिइएको जानकारीले उहाँहरु दुई स्वतन्त्र, अलग स्वर्गीय जनहरु हुनुहुन्छ भन्ने संकेत गर्दछ ।

## उहाँ ईश्वरीयजन हुनुहुन्छ

पवित्र आत्मालाई पिता र पुत्रसँगै, उहाँहरु समान, एउटै स्तरभएको हुनुहुन्छ भन्ने स्वरुपमा उल्लेख गरिएको छ । मानिसहरुलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिष्मा दिइनु पर्दछ (मत्ती २८:१९) । पावलले उहाँहरु तीनै जनालाई सँगै, एउटै स्तरको हुनुभएको भन्ने अर्थमा, २ कोरिन्थी १३:१४ मा उल्लेख गरेका छन् "प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको संगति तिमीहरु सबैसँग रहुन् ।" आत्मा, परमेश्वर ( "पिता" १ कोरिन्थी ६:८) र प्रभु ( "येशू" १ कोरिन्थी ८:६) एकै हुनुहुन्छ जसले आत्मिक वरदानहरु दिनुहुन्छ (१ कोरिन्थी १२:४-६), जुन वरदानहरु पवित्र आत्माको इच्छाअनुसार दिइन्छ भनी भनिएको छ (१ कोरिन्थी १२:११)[३] ।

नयाँ करारमा भएको प्रमाणले स्पष्ट र दह्रिलोसँग पिता, पुत्र र पवित्र आत्मा एउटै स्वभाव भएको पृथक, विशिष्ट स्वर्गीय जनहरु हुनुहुन्छ भन्ने देखाएको छ । उहाँहरु एकअर्कासँगको सम्बन्धमा र मानवजातिको सेवामा एकै रुपमा आपसमा बाँधिएको हुनुहुन्छ ।

परमेश्वरसँग मात्र भएका गुणहरु पवित्र आत्मासँग पनि छन् । पिता र पुत्रसँग भए जस्तै उहाँसँग भएका पाँच गुणहरुलाई ध्यानपूर्वक हेरौं :

१. उहाँ अनन्त हुनुहुन्छ : बाइबलले यस गुणको बारेमा भनेको निम्न भनाइहरु (१) पवित्र आत्मा - "ख्रीष्टको रगतले त झन् कति बढी गरी तिमीहरुका विवेकलाई मरेका कामहरुबाट शुध्द पार्नेछ, ताकि तिमीहरु जीवित परमेश्वरको सेवा गर्न सक । किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रुपमा परमेश्वरलाई अर्पण गर्नुभयो" (हिब्रू ९:१४): २ पिता - "तपाईको सिंहासन अनादिकालदेखि स्थापना भएको छ, तपाई अनन्तदेखि हुनुहुन्छ" ( भजनसंग्रह ९३:२); र (३) येशू - "येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ" ( हिब्रू १३:८), "किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र तिमीहरुलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ" (२ पत्रुस १:११) ।

२. उहाँ सर्वज्ञानी हुनुहुन्छ : यो ज्ञानको बारेमा बाइबलका पदहरुमा यसो भनिएको छ (१) पवित्र आत्मा - "परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा यो प्रकट गर्नुभएको छ । किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरु पनि खोजी गर्नुहुन्छ" (१ कोरिन्थी २:१०), (२) पिता - "परमेश्वरको दृष्टिमा सृष्टिको कुनै कुरा छिपेको हुँदैन । उहाँका नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ" (हिब्रू ४:१३); र येशू - "तर येशूले आफैलाई तिनीहरुका भरमा छोड्नुभएन, किनकि मानिस के हो भनी उहाँ जान्नुहुन्थ्यो । उहाँलाई मानिसको विषयमा कसैले सिकाउनु आवश्यक थिएन, किनकि मानिसको हृदयमा के हुन्छ, सो उहाँ स्वयम् जान्नुहुन्थ्यो" (यूहन्ना २:२४, २५) ।

३. उहाँ सर्वशक्तिान् हुनुहुन्छ : बाइबलका धेरै पदहरुले यो सबै कुराहरु माथि भएको शक्तिको सम्बन्धमा यसो भनेको छ :

---

[३] आश्चर्यकर्महरुको वरदानको अन्त्य भइसकेको छ । यस बारेमा हामी १ कोरिन्थी १३:८-१३ मा भएको कथनको कारण दृढाविश्वास गर्न सक्दछौं । १ कोरिन्थीको तीन अध्यायहरुमा हामी पावलले आश्चर्यकर्महरुको बरदानको बारेमा छलफल गरेको देख्दछौं (१२-१४) । यो छलफलको बिचमा उनी प्रेम कुनै पनि आश्चर्यकर्महरुको वरदान भन्दा महत्वपूर्ण छ भनी घोषण गर्दछन् (१३:१-३) । त्यसपछि उनी प्रेमको वर्णन गर्दछन् (१३:४-७) । त्यस अध्यायको अन्तिम खण्डमा (१३:८-१३), उनी प्रेमलाई, महान वरदानको रुपमा देखाउँदैछन्, जुन आत्मिक वरदानहरु भन्दा पछिसम्म रहन्छ । पावलले भनेका थिएन, "अगमवाणीहरु बितेर जानेछन्, भाषाहरु बन्द हुनेछन्, (आश्चर्यपूर्ण) ज्ञान टलिजानेछ ।" यी वरदानहरुले पावललाई यसो भन्न लगायो, "हाम्रो ज्ञान अपूर्ण छ, हाम्रो अगमवाणी अपूर्ण छ: तब जब सिध्दताचाहिँ आउनेछ, तब अपूर्णता टलिजानेछ" (पदहरु ९, १०) । यी आश्चर्यकर्मका वरदानहरु जब "सिध्दता आउने छ" तब टलिजानु पर्दथ्यो ।

जब "सिध्दता" को अर्थ "पूर्णता" हो भने, त्यो जुन कुरा "अपूर्ण छ" त्यसको विपरित खडा हुन्छ । त्यो "अपूर्ण" आश्चर्यकर्मको र भविष्यवाणीको ज्ञान हो, जसले मौखिक रुपमा परमेश्वरको वचन प्रकट गरेको थियो । त्यसैले त्यो पूर्णता अर्थात "सिध्दता" भनेको मानिसलाई लिखित रुपमा पूर्ण रुपले प्रकट गरेर दिइएको नयाँ करारको अभिलेख हो भनी महसुस गर्नु अति स्वभाविक हुन्छ । यो परमेश्वरको इच्छाको पूर्ण प्रकटिकरण, "सन्तहरुलाई सदाकालको निम्ति सुम्पिएको विश्वास "(यहूदा ३) हो, जुन करिब पहिलो शताब्दीको अन्त्यतिर सबैको पहुँचमा आएको थियो । जब यो "पूर्णता" आयो, "अपूर्ण" चाहिँ टलिगयो । नयाा करारमा परमेश्वरको पूर्ण इच्छा लेखिएको कारणले (२ तिमोथी ३:१६, १७, २ पत्रुस १:३), अब अझ बढि प्रकाश पार्नको निम्ति आश्चर्यकर्मका वरदानहरुको आवश्यकता पर्दैन । (Phil Sanders, "Dose anyone have miraculous gifts today?" Truth for Today (April 1995): 49)

(१) पवित्र आत्मा - "पवित्र आत्मा तिमीमा आउनुहुनेछ र सर्वोच्चका शक्तिको छायाँ तिमीमाथि पर्नेछ" (लूका १:३५ ख), "येशू पवित्र आत्माको शक्तिमा गालीलमा पर्नेछ" (लूका ४:१४ क), "तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ" (प्रेरित १:८ क),(२) परमेश्वर - "किनकि परमेश्वरको निम्ति कुनै कुरा असम्भव छैन" (लूका १:३७); र (३) येशू - "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ" (मत्ती २८:१८) ।

४. उहाँ सर्वव्यापी हुनुहुन्छ : सबै ठाउँमा उपस्थित हुनसक्ने क्षमता उहाँहरुको अधिनमा छ (१) पवित्र आत्मा - "तपाईको आत्माबाट म कहाँ अलग जान सक्छु ?" (भजनसंग्रह १३९:७ क), (२) पिता - "तर के परमेश्वर निश्चय नै पृथ्वीमा बास गर्नुहुन्छ र ? स्वर्गहरु, स्वर्गभन्दा पनि उच्च स्वर्गमा तपाई अटाउनुहुन्न" (१ राजा ८:२७ क), "के कोही मानिस गुप्त ठाउँहरुमा लुक्न सक्छ र म त्यसलाई देख्न सक्दिन ? परमप्रभु भन्नुहुन्छ । के स्वर्ग र पृथ्वी दुवैलाई म ढाक्दिनँ र ? ..." (यर्मिया २३:२४), र (३) येशू - "हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु" (मत्ती २८:२० ख) ।

५. उहाँमा सृष्टि गर्ने शक्ति छ : बाइबलका यी पदहरुले ईश्वरत्वका प्रत्येक सदस्यलाई सृष्टिकर्ताको रुपमा चित्रण गरेको छ : (१) पवित्र आत्मा - "... परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो" (उत्पत्ति १:२), (२) पिता - "उहाँले पृथ्वीलाई आफ्नो सामर्थ्यले सृजनुभयो । उहाँले आकाशलाई फैलाउनुभयो" (यर्मिया ५१:१५), र (३) पुत्र - किनकि उहाँमा नै सबैथोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरु, चाहे सिंहासनहरु, चाहे प्रभुत्वहरु, चाहे प्रधानताहरु, चाहे अधिकारहरु, सबै उहाँद्वारा र उहाँकै निम्ति सृजिएका हुन्" (कलस्सी १:१६) ।

## निष्कर्ष

पवित्र आत्मालाई परमेश्वरलाई मात्र प्रयोग हुने शब्दहरुद्वारा सम्बोधन गरिएको छ । यी शब्दहरुद्वारा हामी के निष्कर्ष निकाल्न सक्दछौं भने पवित्र आत्मासँग पनि पिता र पुत्रको जस्तै ईश्वरीय गुणहरु छन् र उहाँ पिता र पुत्रसँग एक हुनुहुन्छ, तापनि उहाँ एक फरक व्यक्तित्व हुनुहुन्छ । उहाँ बाइबलको एक महत्वपूर्ण, मुख्य व्यक्ति हुनुहुन्छ ।

## अभ्यास प्रश्नहरु
## (उत्तरहरु परिशिष्ट १ मा छन्)

१. प्रश्न किन "पवित्र आत्मा के हुनुहुन्छ ?" को साटो "पवित्र आत्मा को हुनुहुन्छ ?" हुनुपर्छ व्याख्या गर्नुहोस् ?
२. ती पाँच गुणहरु के-के हुन् जसले पवित्र आत्मा जीवित "व्यक्ति" हुनुहुन्छ भन्ने संकेत गर्दछ ?
३. पवित्र आत्मालाई दुर्व्यवहार हुनसक्छ भन्ने तथ्यले कसरी उहाँ एक व्यक्ति हुनुहुन्छ भन्ने संकेत गर्दछ ?
४. पवित्र आत्माका कुन-कुन गुणहरु पिता र पुत्रको जस्तै छन् ?

## शब्द सहायताहरु

**गुणहरु -** स्वभाव र चरित्रहरु । रोमी १:२० ले भन्दछ, "उहाँको अदृश्य गुण, अर्थात उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरुमा छर्लङ्ग देखिएको छ, यसैले यिनीहरुलाई कुनै किसिमको बहाना छैन ।"

**आश्चर्यकर्महरुको वरदान -** परमेश्वरबाट प्राप्त विशेष गुणहरु - जस्तै अन्य भाष बोल्ने, निको पार्ने र अगमवाणी आदि - नयाँ करार लेखिएर पुरा नभए अघिसम्मको निम्ति सुरुको मण्डलीलाई

दिइएको । यी वरदानहरु अब आवश्यक र उपलब्ध छैनन् । (हेर्नुहोस् एफिसी ४:५, मत्ती २८:१८-२०) ।

## आज ख्रीष्टियानहरुमा पवित्र आत्माको काम

१. उहाँले हामीलाई पाप र मृत्युको व्यवस्थाबाट मुक्त गर्नुहुन्छ (रोमी ८:२-८) ।
२. उहाँले हामीलाई पुनरुत्थान दिनुहुनेछ (रोमी ८:११) ।
३. उहाँले हामीलाई प्रार्थनामा सहायता गर्नुहुन्छ (रोमी ८:२६, एफिसी ६:१८) ।
४. उहाँले हाम्रो निम्ति मध्यस्थता गर्नुहुन्छ (रोमी ८:२६, २७) ।
५. उहाँले हामीलाई डोऱ्याउनुहुन्छ (रोमी ८:१४) ।
६. उहाँले हामीलाई उध्दारको दिनको निम्ति बैनाको रुपमा छाप लगाउनुहुन्छ (२ कोरिन्थी १:२२, एफिसी १:१३, १४, ४:३०) ।
७. उहाँको हामीसँग संगति छ (२ कोरिन्थी १३:१४) ।
८. उहाँले हामीलाई पिता कहाँ प्रवेश गर्न दिनुहुन्छ (एफिसी २:१८) ।
९. उहाँले भित्री मनुष्यत्वलाई बलियो पार्नुहुन्छ (एफिसी ३:१६) ।
१०. उहाँले एकता कायम गराउनुहुन्छ (एफिसी ४:३) ।
११. उहाँले हामीलाई पवित्र तुल्याउनुहुन्छ (२ थेसलोनिकी २:१३) ।